# सामाजिक सुरक्षा कोष (SSF) मा आवद्ध योगदान कर्ताहरुको उपचार सेवामा सुविधा थप भएको जानकारी

## कस्तो सेवा पाइन्छ ?

- बहिरङ्ग (OPD) विभागमा आई जाँच गराउदा (दन्त उपचार र मानसिक रोगको उपचार बाहेक) योगदान कर्ताले सामाजिक सुरक्षा कोषबाट बार्षिक रु २५,०००/- सम्मको उपचार सेवा प्राप्त गर्ने छ । जस मध्ये योगदान कर्ताले २०% रकम भुक्तानी गर्नु पर्दछ ।
- अन्तरङ्ग (IPD) विभागमा आई भर्ना भएर उपचार गराउदा ( दन्त उपचार र मानसिक रोगको उपचार बाहेक) योगदान कर्ताले सामाजिक सुरक्षा कोषबाट बार्षिक रु १,००,०००/- सम्मको उपचार सेवा प्राप्त गर्ने जस मध्ये योगदान कर्ताले २०% रकम भुक्तानी गर्नु पर्दछ ।
- कार्यस्थलमा वा संस्थाको कार्य गर्ने क्रममा दुर्घटना भई योगदान कर्ता घाइते भएमा सम्पूर्ण उपचार सामाजिक सुरक्षा कोषले व्यहोर्ने छ । त्यस्तै अन्य अवस्थामा दुर्घटना भएको खण्डमा पनि रु ७,००,०००|- सम्मको उपचार सेवा प्राप्त हुने छ ।

## के सुविधा थप भयो ?

- योगदान कर्ताको श्रीमान् वा श्रीमतिले पनि यसै अन्तर्गतको उपचार सुविधा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ ।
- योगदान कर्ताको नवजात शिशु जन्मेर ३ महिना सम्मको उमेर सम्म यसै अन्तर्गत उपचार सेवा प्राप्त हुनेछ ।

## कसरी सेवा लिने ?

- ओपिडिमा जाँच गराउदा योगदान कर्ताले सामाजिक सुरक्षा कोषको परिचय पत्र सहित दर्ता काउण्टरमा गई विरामी दर्ता गर्नु पर्दछ । दर्ता कर्मचारीले सामाजिक सुरक्षा कोषको वेवसाइटमा योगदान कर्ताको विवरण रुजु गरे पछि यो सुविधा अनुसारको सेवा प्राप्त हुन्छ ।
- यो सुविधा प्राप्त गर्न योगदान कर्ताको कम्तिमा पनि तीन महिना सम्म नियमित रुपमा योगदान रकम सामाजिक सुरक्षा कोषमा जम्मा भएको हुनु पर्दछ । जम्मा हुनु पर्ने रकम अनियमित भएको खण्डमा यो सुविधा प्राप्त हुने छैन ।

  दुर्घटना भई उपचारको लागि आउदा दुर्घटनाको सवै व्यहोरा खुलाई सम्बन्धित संस्थाको पत्र संलग्न गर्नु पर्ने छ ।

KATHMANDU MEDICAL COLLEGE

Kathmandu medical college
Teaching Hospital (P) LTD.
affiliated to Kathmandu university

K.M.C SINAMANGAL KATHMANDU, NEPAL
PHONE NO: 01-4469063,4476152
K.M.C DUWAKOT BHAKTAPUR, NEPAL
PHONE NO: 01-6616781,661175